# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग ६ गते २०२८ साल

श्री ५ को सरकार

प्रशासन व्यवस्था विभागको

सूचना

आन्तरिक प्रशासन दिग्दर्शन नियमावली २०२८

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः–(१) नियमहरूको नाम "आन्तरिक प्रशासन दिग्दर्शन नियमावली २०२८" रहेको छ।

(२) यो नियमावली श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि तोकेको सरकारी कार्यालयमा लागू हुनेछ।

२. आन्तरिक प्रशासन दिग्दर्शन लागू हुने:– यो नियमावली लागू भएको कार्यालयमा श्री ५ को सरकारबाट स्वीकृत आन्तरिक प्रशासन दिग्दर्शनबमोजिम काम गर्नु गराउनु पर्छ।

३. खारेजी:– यो नियमावली लागू भएको सरकारी कार्यालयहरूमा सचिवालय कार्यविधि कार्यान्वित गर्ने नियमहरू २०१५ लागू हुने छैन।

आज्ञाले–
कृष्णबम मल्ल
श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४०५